नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, पर्सा

# स्वतः प्रकाशन

# (Proactive Disclosure)

आ.व.२०८२/८३

आर्थिक वर्ष २०८२/०८३ को चौथों त्रैमासिक (वैशाख १ देखि असार मसान्तसम्म)

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५को नियम (३) बमोजिम

**तथ्याङ्क समन्वय कार्यालय, पर्साको स्वतः प्रकाशन (त्रैमासिक प्रतिवेदन)**

आ.व.२०८२/८३

आर्थिक वर्ष २०८२/०८३ को चौथों त्रैमासिक (वैशाख १ देखि असार मसान्तसम्म)

**१. कार्यालयको स्वरूप र प्रकृतिः**

- **केन्द्रीय निकायः** राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौं।
- **कार्यालयको नामः** तथ्याङ्क समन्वय कार्यालय, पर्सा।
- **कार्यक्षेत्रः** पर्सा, बारा, रौतहट र सर्लाही जिल्लाहरू।
- **मुख्य कार्यः** संघीय,प्रादेशिक तथा स्थानीय सरकारको नीति, योजना र कार्यक्रमका लागि आवश्यक पर्ने राष्ट्रिय,प्रादेशिक जिल्ला तथा स्थानीय तह स्तरका आर्थिक, सामाजिक, कृषि, जनसाङ्ख्यिकीय लगायतका गणना एवं सर्वेक्षणहरू सञ्चालन र समन्वय गर्ने।

**२. कार्यालयको काम, कर्तव्य र अधिकारः**

- **तथ्याङ्क सङ्कलनः** राष्ट्रिय तथ्याङ्क कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न सर्वेक्षण (जस्तैः राष्ट्रिय जनगणना,राष्ट्रिय आर्थिक गणना, राष्ट्रिय कृषि गणना, जीवनस्तर सर्वेक्षण आदि) सञ्चालन गर्ने।
- **समन्वयः** जिल्ला तथा स्थानीय तहका तथ्याङ्कीय गतिविधिहरूमा प्राविधिक सहयोग र समन्वय गर्ने।
- **तथ्याङ्क भण्डारणः** सङ्कलित तथ्याङ्कको प्रारम्भिक सम्पादन, प्रविष्टि, र व्यवस्थापन गर्ने।
- **सचेतनाः** जिल्ला स्तरमा तथ्याङ्कीय साक्षरता सम्वन्धी गोष्ठि,तालिम,छलफल लगायतका कार्यहरू सञ्चालन गर्ने।

३. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः


नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, पर्सा

संगठनात्मक दरबन्दी चार्ट




- **कार्य विवरणः** कर्मचारीहरूले आ-आफ्नो शाखा (तथ्याङ्क शाखा र प्रशासन/लेखा शाखा) अनुसार गणना, सुपरिवेक्षण, डाटा इन्ट्री र प्रशासनिक कार्यहरू सम्पादन गर्दछन्।

## ४. कार्यालयबाट प्रदान गरिने सेवाः

- जिल्लागत वस्तुगत विवरण (District Profile) तथा तथ्याङ्कीय प्रतिवेदन माग बमोजिम उपलब्ध गराउने।
- सर्वेक्षण तथा गणनाका लागि गणक र सुपरिवेक्षक आवश्यकता सम्बन्धी सूचना प्रवाह।
- अनुसन्धानकर्ता र सरोकारवालाहरूलाई तथ्याङ्कीय परामर्श सेवा दिने।

## ५. सेवा प्राप्त गर्ने कार्यविधि र जिम्मेवार अधिकारीः

- सेवाग्राहीले आवश्यक परेको तथ्याङ्क खुलाइ साधारण निवेदन वा इमेल मार्फत माग गर्नुपर्नेछ।
- जिम्मेवार अधिकारीः सम्बन्धित क्षेत्र हेर्ने तथ्याङ्क अधिकृत वा कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी।

## ६. सूचना अधिकारी र कार्यालय प्रमुखको विवरणः

- कार्यालय प्रमुखः श्री पुष्कर विजुक्षे (सम्पर्कः ०५१-५२१०३३)
- सूचना अधिकारीः श्री अनिल चौधरी, तथ्याङ्क सुपरिवेक्षक (मोबाइलः ९८५५०८९४४५)
- गुनासो सुन्ने अधिकारीः कार्यालय प्रमुख

## ७. आर्थिक विवरण (बजेट, आम्दानी र खर्च):

- आ.व.२०८२/८३ को कुल बजेट स्वीकृत बजेटः
- विनियोजन (चालू तर्फ): रु.१,७६,३६,०००/-
- पुँजीगत तर्फः रु. १,३८,०००/-
- खर्च तर्फः
- विनियोजन (चालू तर्फ): रु.१,५३,५६,८३३.४०/-
- पुँजीगत तर्फः रु.१,३७,८१४/-
- निकासा र बाँकी रकमः विनियोजित बजेटको विवरण लाइन मन्त्रालय बजेट सूचना प्रणाली (LMBIS) मा अध्यावधिक गरिएको छ।

## ८. सेवा शुल्क सम्बन्धी विवरणः

- कार्यालयबाट उपलब्ध गराइने तथ्याङ्क, प्रतिवेदन वा डिजिटल डाटाका लागि कुनै पनि शुल्क लाग्ने छैन (निःशुल्क)।

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- कार्यालयको आन्तरिक प्रशासनिक र आर्थिक निर्णय कार्यालय प्रमुखवाट र नीतिगत वा राष्ट्रिय गणना सम्बन्धी निर्णयहरू राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्देशन बमोजिम हुनेछ।

## १०. कानुनी प्रावधानहरूः

- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमावली, २०८०
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५

## ११. यस त्रैमासिकमा सम्पादित मुख्य क्रियाकलापहरूः

- राष्ट्रिय आर्थिक गणना,२०८२ को स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न,
- त्रैमासिक तथा वार्षिक राष्ट्र लेखा को स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न,
- कृषि,निर्माण तथा औद्योगिक उत्पादन(**MPPI/PPI**)समाग्रीहरुका मूल्य सम्वन्धी तथ्याङ्क संकलन कार्य सम्पन्न,
- व्यवसायिक तरकारी वाली सर्वेक्षण,निजि स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षण र स्थलगत यातायात सेवा सर्वेक्षणका स्थलगत तथ्याङ्क संकलन कार्य सम्पन्न,
- पर्सागढी न.पा.,राजदेवी न.पा. र कलैया उ.म.न.पा.मा सचेतनामूलक गोष्ठी सम्पन्न,
- पर्सागढी र राजदेवी न.पा.को विद्युतीय पालिका प्रोफाईल तयार भएको,
- राष्ट्रिय तथ्याङ्क कार्यालयले तोकेको अन्य आवश्यक कार्यहरु सम्पन्न भएको।

## १२. गुनासो व्यवस्थापनः

- कार्यालयमा प्राप्त गुनासोहरूः शून्य।
- गुनासो दर्ताका लागि कार्यालयको दर्ता शाखा वा गुनासो पेटिका वा इमेल मार्फत सम्पर्क गर्न सकिनेछ।

## १३. अघिल्लो त्रैमासिकको प्रगति विवरणः

- दोस्रो चौमासिक/त्रैमासिक प्रगति प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन स्वीकृत भई माथिल्लो निकायमा पठाइसकिएको।

## १४. अन्य विविध विवरणः

- **कार्यालय समयः** गर्मी महिनामा बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म र जाडो महिनामा बिहान ९:०० देखि अपराह्न ४:०० बजेसम्म (शनिवार रआईतवार विदा)।
- **वेबसाइटः** थप जानकारीका लागि तथ्याङ्क समन्वय कार्यालय, पर्साको आधिकारिक वेबसाइट scoparsa.nsonepal.gov.np मा हेर्न सकिनेछ।

तयार गर्नेः-
Anil ..........
अनिल चौधरी
सुचना अधिकारी

स्वीकृत गर्नेः-
..........................
पुष्कर विजुक्षे
तथ्याङ्क समन्वय अधिकारी